सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ

(२०८३ साउन-असोज मसान्त)



अर्थ मन्त्रालय

सिंहदरबार

कार्तिक, २०८३

www.mof.gov.np

विषय सूची

१. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः ३

पृष्ठभूमि ३
दीर्घकालीन सोच ३
उद्देश्य ३
रणनीति ३

२. कार्यक्षेत्र ४

३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः ८

ऐनहरू ८
नियमावलीहरू ९
निर्देशिकाहरू १०
कार्यविधिहरू १०
नीति, मापदण्ड ११

४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः ११

५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बरः ११

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः १२

(क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर १२
(ख) सूचना उपलब्ध गराए बापत शुल्क/दस्तुर लिने तरिका १२
(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि १२

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः १३

(क) निर्णय प्रक्रिया सम्बन्धमाः १३
निर्णय गर्ने अधिकारी सम्बन्धमाः १३

८. आर्थिक वर्ष २०८३/८४ को बजेट १३

८.१ सार्वजनिक खर्च व्यवस्थापन १३
(क) आर्थिक वर्ष २०८३/८४ को असोजमसान्तसम्मको चालु, पुँजीगत खर्च तथा वित्तीय व्यवस्थाको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः १३
(सङ्घीय बजेट) (रकम रु. करोडमा) १३
(ख) अर्थ मन्त्रालय र अन्तर्गत आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्मको खर्चको विवरणः १५
८.२ राजस्व परिचालनको अवस्थाः १६
(क) आर्थिक वर्ष २०८३/८४ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आर्थिक वर्ष २०८३।८४ को असोजसम्मको राजस्व संकलन विवरण (रकम रु. लाखमा) १७
८.३ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः आर्थिक वर्ष २०८३/८४ को साउन, भदौ र असोजमहिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः १८
८.५ आर्थिक वर्ष २०८२/८३ को बैशाख देखि असारमसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः २२

क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः २२
ख. राजस्व व्यवस्थापन महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः २२
घ. कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु : २३
घः वित्तीय क्षेत्र व्यवस्थापन महाशाखासँग सम्बन्धित प्रमुख कार्यहरुः २३
ङ. सार्वजनिक संस्थान समन्वय महाशाखा २४
च. योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः २५
छ. प्रशासन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः २५
ज. आर्थिक नीति विश्लेषण महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः २६

९. २०८३ को साउन, भदौ र असोज महिनामा ऐन/नियम/नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डमा राय/सहमति प्रदान गरिएको विवरणः २९

१०. गुनासो व्यवस्थापनः ३२

११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः ३३

१२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा ७ को उपदफा (१) बमोजिम यस अवधिमा माग गरेको सूचना र उपलब्ध गराइएको सूचना संख्या : ३३

१३. अन्य विवरणः ३३

मन्त्रालय र अन्तर्गत विभागहरूको वेबसाइट ३३
अर्थ मन्त्रालयका प्रकाशनहरू :- ३३
आन्तरिक राजस्व विभाग र अन्तरगतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरुः ३४
भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूको टेलिफोन र फ्याक्स नम्बरहरूः ३५
राजस्व अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरूको टेलिफोन र फ्याक्स नम्बरहरूः ३७
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टेलिफोन र फ्याक्स नम्बरहरूः ३७
मन्त्रालय अन्तर्गतका विभिन्न निकायको टेलिफोन नं. र फ्याक्स नम्बरहरुः ३७

१. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीयक्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै समृद्ध र समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने।

उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,
- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखापरीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,

- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको माध्यमबाट विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

२. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय सञ्चित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।


- तलब, भत्ता, उपदान, निवृत्तभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्वसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- वित्तीय जोखिम व्यवस्थापन।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन।
- सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- बीमासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- सङ्घ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य।
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- महालेखा नियन्त्रकको कार्यालय।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।

- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

नेपाल सरकार

अर्थ मन्त्रालयको सङ्गठन संरचना

चित्र नं. 1.1



३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

ऐनहरू

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- विदेशी विनिमय नियन्त्रण ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन, २०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्यौंट ऐन, २०७५

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- भन्सार महसुल ऐन, २०८१
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्र ऋण उठाउने ऐन)

नियमावलीहरू

- विदेशी विनिमय नियमित गर्ने नियमहरु, २०२०
- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०८३
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५

- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) नियमावली, २०८१

निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)

कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७

- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२

नीति, मापदण्ड

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१
- वैदेशिक सहायता परिचालन नीति, २०८२

४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

क्र.सं.	सचिवालय, महाशाखा	जिम्मेवार अधिकारी	फोन नं.
१.	अर्थमन्त्री	डा.स्वर्णिम वाग्ले	४२११३९०
२.	सचिव	डा.घनश्याम उपाध्याय	४२११३३२
३.	प्रशासन महाशाखा	सहसचिव टंकप्रसाद पाण्डेय	४२११३००
४.	राजस्व व्यवस्थापन महाशाखा	सहसचिव डा. सुमन दाहाल	४२११३१५
५.	बजेट तथा कार्यक्रम महाशाखा	सहसचिव बन्धु प्रसाद वास्तोला	४२११८०१
६.	कानून तथा फैसला कार्यान्वयन महाशाखा	सहसचिव शंकर बहादुर के.सी	४२११८१३
७.	वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा	सहसचिव महेश आचार्य	४२११३७७
८.	आर्थिक नीति विश्लेषण महाशाखा	सहसचिव देवराज जोशी	४२११३२६
९.	योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा	सहसचिव	४२००५३७
१०.	अन्तराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा	सहसचिव अमृत लम्साल	४२११३७१
११.	सार्वजनिक संस्थान समन्वय महाशाखा	सहसचिव कविता रेग्मी	४२११३१६

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मूल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्द्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

(ख) सूचना उपलब्ध गराए बापत शुल्क/दस्तुर लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा रकम जम्मा गरी सोको भौचर पेस गर्न लगाउन सक्नेछ।

(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र

तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।

- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

(क) निर्णय प्रक्रिया सम्बन्धमाः

मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ बमोजिम।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

निर्णय गर्ने अधिकारी सम्बन्धमाः

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

८. आर्थिक वर्ष २०८३/८४ को बजेट

आर्थिक वर्ष २०८३/८४ को नेपाल सरकारको कुल बजेट रु.२१ खर्ब २४ अर्ब ३४ करोड रहेकोमा चालु खर्च रु.१२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९.८ प्रतिशत, पुँजीगततर्फ रु.४ खर्ब ३१ अर्ब १० करोड अर्थात् २०.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.४ खर्ब २२ अर्ब ६४ करोड अर्थात् १९.९ प्रतिशत विनियोजन भएको छ।

८.१ सार्वजनिक खर्च व्यवस्थापन

(क) आर्थिक वर्ष २०८३/८४ को असोजमसान्तसम्मको चालु, पुँजीगत खर्च तथा वित्तीय व्यवस्थाको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः

(सङ्घीय बजेट) (रकम रु. करोडमा)

शीर्षक	२०८३/८४ असोज मसान्तसम्म			२०८२/८३ असोज मसान्तसम्म			वृद्धि (%)
	विनियोजन	खर्च	खर्च प्रतिशत	विनियोजन	खर्च	खर्च प्रतिशत	
चालु	१२७,०५९	२९,४२६	२३.१६	११८,०९८	२५,६८१	२१.७५	१.४१
पुँजीगत	४३,१११	२,९७४	६.९०	४०,७८९	१,८८०	४.६१	२.२९
वित्तीय व्यवस्था	४२,२६५	७,६१९	१८.०३	३७,५२४	८,८६०	२३.६१	(५.५९)
जम्मा	२१२,४३४	४०,०१९	१८.८४	१९६,४११	३६,४२०	१८.५४	०.३०

क. चालुतर्फः गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिसम्ममा १.४१ प्रतिशतले बढी खर्च भएको।

ख. पुँजीगततर्फः गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिसम्ममा २.२९ प्रतिशतले बढी खर्च भएको।

ग. वित्तीय व्यवस्थातर्फः गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिसम्ममा ५.५९ प्रतिशतले खर्च घटेको।

समग्र कुल खर्चः गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिसम्ममा ०.३० प्रतिशतले बढेको।

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८३

(ख) अर्थ मन्त्रालय र अन्तर्गत आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्मको खर्चको विवरणः

(रकम रु. लाखमा)

क्र.सं.	बजेट उपशीर्षक	२०८३/८४ को शुरु विनियोजन			२०८३/८४ को असोज मसान्तसम्मको खर्च			२०८३/८४ को खर्च प्रतिशत		
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
१	अर्थ मन्त्रालय	३७२२	२७८	४०००	९८७	२२	१००९	२६.५२	८.०५	२५.२४
२	ऋण असुली पुनरावेदन न्यायाधिकरण	२३१	५	२३६	५३	०	५३	२२.९१	०.००	२२.४२
३	ऋण असुली न्यायाधिकरण	४१२	६	४१८	१०५	०	१०५	२५.४२	०.००	२५.०५
४	अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध	५००३	०	५००३	५१८	०	५१८	१०.३६	-	१०.३६
५	साना किसान विकास बैंक (बित्तीय संस्था), विविध	८००	०	८००	१००	०	१००	१२.५०	-	१२.५०
६	लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य)	३५९४	०	३५९४	११७६	०	११७६	३२.७१	-	३२.७१
७	बजेट सुधार आयोजना	५८९	२४३	८३२	०	०	०	०.००	०.००	०.००
८	मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल	१३४६४	२७९९८०	२९३४४४	०	२५८३३	२५८३३	०.००	९.२३	८.८०
९	आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम	१८१२१७	०	१८१२१७	०	०	०	०.००	-	०.००
१०	सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम	६८७९	१३३९१	२०२७०	७८	७	८५	१.१३	०.०५	०.४२
११	महालेखा नियन्त्रक कार्यालय	१७९६	१०६	१९०२	३७६	५	३८०	२०.९१	४.२९	१९.९८
१२	निवृत्तभरण व्यवस्थापन कार्यालय	६११	१४	६२५	६६	१	६६	१०.७३	५.०८	१०.६०
१३	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१९०	१०	२००	३३	०	३३	१७.३२	०.००	१६.४५
१४	कोष तथा लेखा नियन्त्रक कार्यालयहरू	८४५२	१६१०	१००६२	२२३३	१२७	२३६०	२६.४२	७.८८	२३.४५

१५	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	७५८	३४	७९२	१८४	१	१८५	२४.२६	४.२१	२३.४०
१६	भन्सार बिभाग	२६६४	२१७६	४८४०	३८६	०	३८६	१४.४९	०.००	७.९८
१७	भन्सार कार्यालयहरू	१०६८३	३९५१	१४६३४	२८३७	१९१	३०२८	२६.५६	४.८४	२०.६९
१८	भन्सार सुधार कार्यक्रम	६०८	११०	७१८	८	१	९	१.३३	०.५४	१.२१
१९	आन्तरिक राजस्व विभाग	४८८२	३९३४	८८१६	११६१	१०६	१२६७	२३.७८	२.६९	१४.३७
२०	आन्तरिक राजस्व कार्यालयहरू	१८६४७	१९१९	२०५६६	६१५०	२४२	६३९२	३२.९८	१२.५९	३१.०८
२१	सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय	९४५	३९३	१३३८	९६	५	१०१	१०.१८	१.२६	७.५६
२२	राजस्व अनुसन्धान विभाग	५५५	०	५५५	२८३	०	२८३	५१.०८	-	५१.०८
२३	सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	७७८	५१	८२९	१६७	१	१६८	२१.५३	१.६४	२०.३०
जम्मा		**२६७४८०**	**३०८२११**	**५७५६९१**	**१६५४६**	**२६५४२**	**४३५३९**	**६.१९**	**८.६१**	**७.५६**

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८३

८.२ राजस्व परिचालनको अवस्थाः

१. २०८३ असोज मसान्तसम्मको राजस्व संकलनको लक्ष्य रु.३ खर्ब ३० अर्ब २२ करोड रहेकोमा सो अवधिसम्ममा रु.३ खर्ब १ अर्ब १६ करोड संकलन भएको छ। यो लक्ष्यको तुलनामा ९१.२० प्रतिशत हो। संकलित राजस्व गत आर्थिक वर्षको यसै अवधिको भन्दा १९.९० प्रतिशतले वढी हुन आउँछ।

(क) आर्थिक वर्ष २०८३/८४ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आर्थिक वर्ष २०८३।८४ को असोजसम्मको राजस्व संकलन विवरण (रकम रु. लाखमा)

सि.नं.	कर शीर्षक	आ.व.२०८३/८४ वार्षिक लक्ष्य	आ.व.२०८२/८३			आ.व.२०८३/८४			
			असोजसम्मको लक्ष्य	असोजसम्मको असुली	वृद्धिदर	असोजसम्मको लक्ष्य	असोजसम्मको असुली	वार्षिक लक्ष्यको तुलनामा असुली %	अघिल्लो वर्षको तुलनामा वृद्धिदर (%)
१	भन्सार महसुल	३,६३७,११५	७०६,५२०	५६८,५९४	९.३९	८७२,९०८	६६४,४६७	१८.२७	१६.८६
२	मूल्य अभिवृद्धि कर	३,८८८,३५९	९४१,१४५	८१२,३०९	८.१८	८८४,२६१	१,०६४,३५६	२७.३७	३१.०३
३	अन्तःशुल्क	२,५४९,९९२	४८६,५८९	४७८,३०५	१९.६५	५८४,९९७	५३२,१६१	२०.८७	११.२६
४	शिक्षा सेवा शुल्क र अन्य	१२१,४९१	१३,६३९	१५,००३	३८.१९	३०,७७१	१७,८४७	१४.६९	१८.९५
५	आयकर	३,८३६,२२६	७१२,२१२	४६९,०६८	(९.०२)	६२४,८७६	५१४,६२९	१३.४१	९.७१
	कर राजस्व जम्मा	१४,०३३,१८३	२,८६०,१०६	२,३४३,२७९	६.६७	२,९९७,८१३	२,७९३,४५९	१९.९१	१९.२१
६	अन्य राजस्व (गैरकर) जम्मा	१,७७०,०००	३५५,२२३	१४७,२३४	(४८.४८)	३०४,४१४	१९२,६७३	१०.८९	३०.८६
	कुल राजस्व	**१५,८०३,१८३**	**३,२१५,३३०**	**२,४९०,५१४**	०.३२	**३,३०२,२२७**	**२,९८६,१३२**	१८.९०	१९.९०
७	विविध प्राप्ति	-	-	२१,२९१	-	-	२५,४३४		
	जम्मा राजस्व/प्राप्ति	**१५,८०३,१८३**	**३,२१५,३३०**	**२,५११,८०५**	(०.७२)	**३,३०२,२२७**	**३,०११,५६६**	१९.०६	**१९.९०**

स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली, महालेखा नियन्त्रक कार्यालय, २०८३

(ख) करदाता दर्ता संख्या सम्वन्धी विवरणः (Active Only)

करदाता दर्ताको विवरण			
दर्ताको प्रकार	आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्म	आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा थप	जम्मा करदाता संख्या
व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN)	२१७४९९२	५२९२५	२२२७९१७
भुक्तानीमा करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN)	३९१६४	३९८	३९५६२
व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN)	५६९६७०८	२३१२२७	५९२७९३५
जम्मा स्थायी लेखा नम्बर	**७९१०८६४**	**२८४५५०**	८१९५४१४
मूल्य अभिवृद्धि कर (VAT)	३७८२६८	११७७९	३९००४७
अन्तःशुल्क (Excise)	१३२६७२	६२५४	१३८९२६

स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८३

८.३ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः आर्थिक वर्ष २०८३/८४ को साउन, भदौ र असोजमहिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः

क. वैदेशिक सहायता प्राप्तिको विवरण

विवरण	वार्षिक लक्ष्य	असोज मसान्तसम्मको प्रगति	प्रगति प्रतिशत
ऋण प्राप्ति	२४७२८०७०००००	३४३४०२२८४७०.६९	१३.८८
अनुदान प्राप्ति	६१७४५४०००००	७९८४९६४२३१.४८	१२.९३
कुल	**३०९०२६१०००००	**४२३२५१९२७०२.१७**	

ख. प्रतिवद्धताको विवरण

साउन महिनाकोः रु. २ अर्ब २० करोड ३८ लाख

भाद्र महिनाकोः रु.१ अर्ब ९३ करोड ७३ लाख

आश्विन महिनाकोः रु.२ अर्ब ७३ करोड

कूल प्रतिवद्धताको रकमः रु.६ अर्ब ८७ करोड ११ लाख

स्रोतः अन्तराष्ट्रिय आर्थिक सम्वन्ध महाशाखा, २०८३

८.४ मुलुकको समग्र आर्थिक स्थितिः

क्र.सं.	शीर्षक	भदौ मसान्तसम्म		वृद्धिदर (प्रतिशतमा)	कैफियत
		२०८२/८३	२०८३/८४		
१.	शोधानान्तर स्थिति (रु. करोडमा)	१५३६८	१८७६८	२२.१२	बचत/बढेको
२.	चालु खाताको स्थिति (रु. करोडमा)	१३०९७	१६९०४	२९.०७	
३.	विदेशी विनिमय सञ्चिति (रु. करोडमा)	२८८१३५	४०६५७८	४१.११	बढेको
	विदेशी मुद्रा सञ्चिति पर्याप्तता (वस्तु तथा सेवाको आयात धान्ने क्षमता, महिनामा)	१६.०	१७.८	११.२५	
४.	उपभोक्ता मुद्रास्फीति-भदौ महिना (वार्षिक विन्दुगत आधारमा)-प्रतिशतमा	१.८७	६.३४	४.४७ प्रतिशत बिन्दुले बढेको	बढेको
	औसत उपभोक्ता मुद्रास्फीति (२ महिनाको औसत) प्रतिशतमा	१.७८	६.१५	४.३७ प्रतिशत बिन्दुले बढेको	बढेको
५.	बैंक तथा वित्तिय संस्थाको संख्या	१०७	१०४	-२.८०	मर्जर नीतिको कारण घटेको
	बैंक तथा वित्तिय संस्थाको शाखा संख्या (लघुवित्त वित्तीय संस्थासमेत)	११५१२	११२८९	-१.९४	
६.	विप्रेषण आप्रवाह (रु. करोडमा)	३५२०८	४३६३६	२३.९४	बढेको
७.	वाणिज्य बैंकको औषत आधार व्याजदर (प्रतिशत)	५.७२	४.७०	१.०२ प्रतिशत बिन्दुले घटेको	घटेको

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३

- आर्थिक वर्ष २०८३/८४ को भदौ मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति रु.४०६५ अर्ब ७८ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २६ अर्ब ४८ करोड पुगेको छ। यस्तो सञ्चिति १७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।
- आर्थिक वर्ष २०८३/८४ को भदौ मसान्तसम्ममा चालु खाता रु.१६९ अर्ब ४ करोड र शोधनान्तर रु.१८७ अर्ब ६८ करोड बचतमा रहेको छ।
- आर्थिक वर्ष २०८३/८४ को भदौ मसान्तसम्ममा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २३.९ प्रतिशतले र अमेरिकी डलरमा १३.५ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको भदौ महिनाको विप्रेषण आप्रवाह रु.२२१ अर्ब ३१ करोड रहेको छ।
- आर्थिक वर्ष २०८३/८४ को भदौ मसान्तसम्ममा शोधानान्तर स्थिति र चालु खाता दुबै बचतमा रहेका छन्।
- उपभोक्ता मुद्रास्फीतिको लक्ष्य ५.५ प्रतिशत रहेकोमा भदौ महिनाको वार्षिक विन्दुगत मुद्रास्फीति ६.३४ प्रतिशत रही लक्ष्यभन्दा माथि रहेको।

सार्वजनिक ऋण दायित्वको अवस्था

आर्थिक वर्ष २०८३/८४ को सुरुमा कुल सार्वजनिक ऋण रु.२९ खर्ब ८१ अर्ब ७० करोड २८ लाख रहेकोमा असोज मसान्तसम्ममा विनिमय दरमा भएको नाफा रु.१८ अर्ब १६ करोड ४२ लाख सहित कुल सार्वजनिक ऋण दायित्व रु.३० खर्ब ९ अर्ब ११ करोड ६६ लाख पुगेको छ जुन कुल गार्हस्थ उत्पादनको ४५.५९ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा असोज मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.१३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.८७ प्रतिशत रहेको छ।

तालिका १: सार्वजनिक ऋणको दायित्व स्थिति (रु. करोडमा)

क्र.सं.	ऋणको विवरण	सुरु मौज्दात (२०८३ श्रावण १)	२०८३/८४ को असोज मसान्तसम्मको प्राप्ति	२०८३/८४ को असोज मसान्तसम्मको भुक्तानी (व्याज बाहेक)	विनिमय नाफा/नोक्सान	जम्मा तिर्न बाँकी ऋण	कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत
	जम्मा ऋण दायित्व	२९८,१७०.२८	१२,३३२.५८	७,७७४.७८	१,८१६.४२	३००,९११.६६	४५.५९
१	आन्तरिक ऋण दायित्व	१३७,५४१.५९	१०,०००.००	६,५१०.५०	०.००	१४१,०३१.०९	२१.३७
२	वाह्य ऋण दायित्व	१६०,६२८.६९	२,३३२.५८	१,२६४.२८	१,८१६.४२	१५९,८८०.५७	२४.२२


* यस आर्थिक वर्षको सुरु मौज्दात आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन कायम भएबमोजिम अध्यावधिक गरिएको।

क. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

आर्थिक वर्ष २०८३/८४ मा जम्मा रु.६ खर्ब ५८ अर्ब २८ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असोज मसान्तसम्ममा रु.१ खर्ब २३ अर्ब ३२ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति १८.७३ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश २४.३९ र ९.३९ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८१.०९ र १८.९१ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति **(रु. करोडमा)**

सि.नं.	ऋणको विवरण	२०८३/८४ को वार्षिक लक्ष्य	२०८३/८४ को असोज मसान्त सम्मको प्राप्ति	प्राप्ति गर्न बाँकी	लक्ष्यको आधारमा प्राप्ति प्रतिशत	प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा
	जम्मा सार्वजनिक ऋण	६५,८२८.०७	१२,३३२.५८	५३,४९५.४९	१८.७३	१००.००
१	आन्तरिक ऋण	४१,०००.००	१०,०००.००	३१,०००.००	२४.३९	८१.०९
२	वाह्य ऋण	२४,८२८.०७	२,३३२.५८	२२,४९५.४९	९.३९	१८.९१



ख. आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रयमासमा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

(रु. करोडमा)

सि.नं.	ऋण सेवा स्थिति	साउन	भदौ	असोज	जम्मा
१	**आन्तरिक ऋण भुक्तानी**	**२,२३४.०२**	**५,४४५.८८**	**५९३.९०**	**८,२७३.८०**
१.१	साँवा भुक्तानी	१,७००.००	४,६५४.५०	१५६.००	६,५१०.५०
१.२	व्याज भुक्तानी	५३४.०२	७९१.३८	४३७.९०	१,७६३.३०
२	**वाह्य ऋण भुक्तानी**	**२६५.५९**	**५५५.५७**	**७९२.३९**	**१,६१३.५५**
२.१	साँवा भुक्तानी	२१५.३५	४४३.८४	६०५.०९	१,२६४.२८
२.२	व्याज भुक्तानी	५०.२४	१११.७३	१८७.३०	३४९.२७
३	**ऋण प्राप्ति**	**२,३८४.२७**	**३,८१०.५१**	**६,१३७.८०**	**१२,३३२.५८**
३.१	आन्तरिक ऋण प्राप्ति	२,०००.००	३,०००.००	५,०००.००	१०,०००.००
३.२	वाह्य ऋण प्राप्ति	३८४.२७	८१०.५१	१,१३७.८०	२,३३२.५८

द्रष्टव्यः

१. *वैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक वाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।*

२. *सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।*

ग. आर्थिक वर्ष २०८३/८४ को साउन, भदौ र असोज महिनाको जम्मा आन्तरिक ऋण परिचालनको अवस्था

सि.नं.	जम्मा आन्तरिक ऋण परिचालनको अवस्था
१.	साउन मसान्तसम्म रु.२० अर्ब आन्तरिक ऋण परिचालन भएको ।
२.	भदौ मसान्तसम्म रु.५० अर्ब आन्तरिक ऋण परिचालन भएको ।
३.	असोज मसान्तसम्म रु.१०० अर्ब आन्तरिक ऋण परिचालन भएको ।

८.५ आर्थिक वर्ष २०८२/८३ को बैशाख देखि असारमसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः

क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

- पुँजीगत खर्चको प्रभावकारिता अभिवृद्धिका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३१ मा संशोधन गरी पुँजीगत रकमको रकमान्तर गर्ने अधिकार सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई प्रदान गरिएको।
- आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गरी सङ्घीय संसदमा पेश गरिएको।
- आर्थिक वर्ष २०८३/८४ को राष्ट्र ऋण उठाउने विधेयक, २०८३ संघीय संसदमा पेश गरिएको।
- विभिन्न मन्त्रालय तथा निकायहरूबाट माग भए अनुसार थप बजेट व्यवस्थापन गरी बजेट कार्यान्वयनमा सहजीकरण गरिएको।

ख. राजस्व व्यवस्थापन महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

- आर्थिक वर्ष २०८३/८४ को राजस्व नीति तथा कार्यक्रम एवं कार्यान्वयन कार्ययोजना पुस्तिका प्रकाशन गरी मातहतका विभागहरुमा पठाइएको।
- विद्युतीय एम्बुलेन्स तथा शववहानमा लागेको पूर्वाधार लगानी शुल्क र मूल्यअभिवृद्धि कर छुट दिइएको।
- आर्थिक ऐन, २०८३ बमोजिम लाग्ने शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क पूर्ण रुपमा छुट दिइएको।
- UAE सँग सेप्टेम्वर १५ देखि १७ सम्म अबुधावीमा DTAA सम्बन्धी पहिलो चरणको वार्ता सम्पन्न भएको।
- नेपाल र हङकङबीच आगामी जनवरी २५ देखि २९ सम्म हङकङमा DTAA सम्बन्धी पहिलो चरणको वार्ताका लागि वार्ता टोली गठन भएको।
- २०८३ साउन र भदौ महिनाको राजस्व समिक्षा वैठक सम्पन्न भएको।
- राइड सेयरिङ सेवामा मूल्यअभिवृद्धि कर सम्बन्धी विषयमा प्रक्रिया तथा बीजकको ढाँचा तोकी सार्वजनिक सूचना प्रकाशित गरिएको।
- करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन/कार्यान्वयनमा ल्याइएको ।
- आर्थिक ऐन, २०८३ ले गरेका कर छुट, मिनाहा तथा सहुलियत सम्बन्धि ब्यवस्थालाई कार्यान्वयनमा ल्याइएको।

- राजस्व अनुसन्धान विभागको File/System हस्तान्तरण गर्ने निर्णय भएको।
- मूल्यअभिबृद्धि कर विवरण संशोधनको प्रणाली विकास सम्बन्धी कार्य गरिएको।
- EXtensible Business Reporting Language(XBRL) रुपान्तरण समिति गठन गरी कार्य भइरहेको।

घ. कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु :

१. कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृति तथा दर्ता सम्बन्धी कार्यः

(क) कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक मिति २०८३/०४/२४ मा सङ्घीय संसदमा दर्ता गरिएको।

(ख) वैकल्पिक विकास वित्त परिचलान नियमावली, २०८३ तर्जुमा सहमतिका लागि मिति २०८३/०४/२१ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

(ग) सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी (दोसो संशोधन) कार्यविधि, २०८३ दर्ता गर्ने प्रयोजनको लागि मिति २०८३/०४/२५ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

(घ) नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/०५/०३ मा स्वीकृत भई मिति २०८३/०५/१७ मा सङ्घीय संसदमा दर्ता गरिएको।

(ङ) भुक्तानी तथा फस्यौंट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/०५/०३ मा स्वीकृत भई मिति २०८३/०५/१७ मा सङ्घीय संसदमा दर्ता गरिएको।

(च) सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक मिति २०८३/०५/३० गते नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट तर्जुमा सहमति प्राप्त भई मिति २०८३/०५/३१ गते सङ्घीय संसद समक्ष पेश गर्ने प्रयोजनार्थ स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको।

२. राय / परामर्श सम्बन्धी कार्य विभिन्न २९ वटा मुख्य मुख्य विषयमा राय परामर्श दिइएको।

३. मुद्दाहरुको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः विभिन्न ४४ वटा रिट निवेदनहरुको लिखित जवाफ र एउटा दोहो-याई पाउँ निवेदन तयार गरी सम्बन्धित अदालतमा दर्ता गरिएको।

४. राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः विभिन्न ९ वटा सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि मुद्रण विभागमा पठाइएको।

